प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

माननीय मन्त्री
मेखलाल श्रेष्ठ

# बालक्लव गठन तथा परिचालन मापदण्ड, २०७८

**प्रस्तावनाः**

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन बालक्लव गठन तथा सहजिकरण प्रकृयालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न/गराउन वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम बाल सहभागीता प्रवर्द्धनका लागि शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयले यो मापदण्ड बनाइ जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम बालक्लव गठन तथा परिचालन मापदण्ड, २०७८ हुनेछ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "कार्यालय" भन्नाले गण्डकी प्रदेश अन्तर्गतका जिल्ला स्थित सामाजिक विकास कार्यालयलाई सम्झनुपर्छ।

(ख) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको सवै व्यक्ति सम्झनु पर्छ।

(ग) "बाल क्लब" भन्नाले बाल समूह, बाल क्लब लगायतका बालबालिकाका समूह तथा बाल सञ्जाललाई समेत जनाउँछ।

(घ) "मन्त्रालय" भन्नाले बालबालिका सम्बन्धी विषय हेर्ने गण्डकी प्रदेशको मन्त्रालय सम्झनुपर्छ।

(ङ) "मापदण्ड" भन्नाले बालक्लव गठन तथा परिचालन मापदण्ड, २०७८ लाई सम्झनुपर्छ ।

(च) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकालाई सम्झनुपर्छ।

३. **उद्देश्यः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः

उप सचिव

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

माननीय मन्त्री
मेखलाल श्रेष्ठ

(क) बालबालिकाको संगठन, स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी ढगंले कार्यान्वयन गर्ने।

(ख) बालक्लव गठन, संचालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी वनाउने।

(ग) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने।

(घ) विकासका हरेका प्रकृयामा सार्थक रुपमा बाल प्रतिनिधित्व गराउँदै बालमैत्री पूर्वाधार निर्माण र विकासमा टेवा पुऱ्याउने।

## परिच्छेद २

## बालक्लव सम्बन्धी व्यवस्था

४. बालक्लवः सामान्यतया १८ वर्ष मुनिका बालबालिका सजिलै भेला हुने र एक आपसमा संगठित भई आफ्ना विचार र भावना साटासाट गरी आफ्नो तथा आफू सरहका दौतरी (साथी) को हक, अधिकार तथा सहभागिताको प्रवर्द्धन गर्ने साझा उद्देश्यका साथ कार्यरत समूहलाई नै बालक्लवको रुपमा चिनाइएको छ । बालबालिका आफ्नो र समाजको साझा उद्देश्य प्रासिको लागि सहभागितामूलक ढंगले सक्रिय रुपमा अग्रसर गराउन बालक्लबको गठन तथा परिचालन गरि अधिकारमुखी अवधारणाको सुरुवात र लोकतान्त्रिक मूल्य मान्यताको अवलम्वन तथा सुशासनको आधार स्तम्भका रुपमा बालक्लवलाई लिइएको छ । जसले बालबालिकामा अन्तरनिहित क्षमतालाई प्रोत्साहित र अभिप्रेरित गर्दै सृजनशिल वनाउन सहयोग पुऱ्याउछ ।

५. बालक्लव गठनको उद्देश्यः बालक्लब गठनको उद्देश्य देहायबमोजिम रहेको छ।

(क) समुदायस्तर देखि प्रदेशस्तरसम्म बालबालिकाको अधिकार संरक्षण सम्बर्द्धनका लागि संगठित भई सचेतना अभिवृद्धि गर्ने ।

(ख) बालबालिकाको उच्चतम हितका लागि सरोकारवाला निकायहरुसँग शैक्षिक गतिविधि तथा रचनात्मक क्रियाकलापका लागि समन्वय र सहकार्य गर्ने ।

(ग) बालबालिकाको व्यक्तित्व विकास र सिर्जनात्मक क्षमता अभिवृद्धिका लागि बाल सहभागिताको प्रवर्द्धन गर्ने ।

(घ) बालबालिकाबीच आपसी मेलमिलाप तथा सहिष्णुताको भावना विकास गरी बालबालिकामा पर्न जाने नकारात्मक प्रवृत्ति र विकृति विरुद्धमा एकजुट हुन र सामाजिक परिवर्तनको संवाहकका रुपमा विकास गर्ने ।

671

उप सचिव

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

माननीय मन्त्री
मेखलाल श्रेष्ठ

६. <u>जिल्लास्तरीय बाल क्लब गठन सम्बन्धी व्यवस्थाः</u>

(क) जिल्ला स्थित सामाजिक विकास कार्यालयले स्थानीय तहसँग समन्वय गरी हरेक पालिकास्तरीय बालक्लवबाट कम्तीमा २ जना बालिका सहित ५ जनाको सहभागीता रहने गरी जिल्ला भित्रकै पायक पर्ने स्थानमा जिल्ला बाल भेला गर्नेछ।

(ख) बाल भेला गराउँदा १८ वर्ष मुनीका सवै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत, अपाङ्गता भएका बालबालिकालाई समेत समेट्नु पर्नेछ ।

(ग) जिल्लास्तरीय बालक्लबमा देहाय वमोजिमका पदाधिकारी रहनेछन् ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सह सचिव | १ जना |
| सदस्य | हरेक पालिकाबाट प्रतिनिधित्व रहने गरी (समावेशीताका आधारमा) |
| सहजकर्ता | सामाजिक विकास कार्यालयको सम्बन्धित शाखा प्रमुख |

(घ) जिल्लास्तरीय बाक्लबका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह-सचिव मध्येमा कम्तीमा २ जना बालिका रहनेछन् ।

(ङ) जिल्लास्तरीय बालक्लबमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(च) जिल्लास्तरीय बालक्लबको कार्यावधि २ वर्षको रहनेछ। कार्यावधि समाप्त हुनु अगावै जिल्ला स्तरीय भेला गरी पुनः पुनर्गठन गर्न सक्ने व्यवस्था मिलाइनेछ।

(छ) जिल्लास्तरीय बाल क्लबले प्रदेश बाल परिषद् गठनको लागि सहभागिता एवं प्रतिनिधित्व गर्न कम्तीमा २ जना बालिका सहित ५ जना बालबालिकालाई तोकि पठाउनेछ ।

७. **जिल्लास्तरीय बालक्लबको सूचीकरणः** जिल्लास्तरीय बालक्लबको सूचिकरण सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयले गर्नेछ ।

८. <u>जिल्लास्तरीय बालक्लबका कार्यः</u> जिल्लास्तरीय बाल क्लबका कार्य देहायअनुसार हुनेछन् ।

(क) बालअधिकारको प्रचार प्रसार तथा प्रवर्द्धनात्मक कार्य गर्ने ।

उप सचिव

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि
तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

माननीय मन्त्री
मेखलाल श्रेष्ठ

(ख) बाल संरक्षण सम्बन्धी कार्य गर्ने ।(बालविवाह, बालश्रम, वेचविखन तथा ओसारपसार, बाल दुर्व्यसन, घरेलु हिंसा लगायत बालबालिका माथि हुने सवै प्रकारका हिंसा/विभेद, जोखिममा रहेका बालबालिका, विद्युतिय अपराध, पारिवारीक विखण्डनमा परेका बालबालिका आदी )

(ग)बालबालिका तथा समुदायको हित प्रर्वद्धन गर्ने ।

(घ) बाल क्लबका गतिविधिका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न सम्बन्धित संस्था, विद्यालय, वडा कार्यालय र नगरगाउँ/पालिका/सामाजिक विकास कार्यालयहरुमा सुझाव पेटिकाको स्थापनाको लागि पहल गर्ने।

(ङ)बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमामा अर्थपूर्ण सहभागिता तथा सहयोग गर्ने ।

९. **प्रदेश बालपरिषदको गठनः** (१) प्रदेश बालपरिषद्को गठन प्रदेश बालभेलाबाट हुनेछ र बाल भेलाको समन्वय तथा सहजीकरण मन्त्रालयको सामाजिक विकास महाशाखाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालभेलामा प्रत्येक जिल्लाका जिल्ला बाल भेलाबाट छनौट भए पश्चात् सामाजिक विकास कार्यालयको सिफारिसमा जिल्ला बाल क्लबका २ जना बालिका सहित कम्तीमा ५ जना बालबालिकाहरुको प्रतिनिधित्व हुनेछ ।

(३) बालभेलाले देहाय बमोजिमका पदाधिकारी सहित वढीमा १५ सदस्यीय प्रदेश बाल परिषद् गठन गर्नेछ ।

अध्यक्ष-१ जना
उपाध्यक्ष-१ जना
सचिव-१ जना
कोषाध्यक्ष-१ जना
सह-सचिव-१ जना
सदस्यहरु बढिमा १० जना

(४) उपदफा (३) बमोजिम गठन हुने बालपरिषदमा कम्तिमा ४० प्रतिशत बालिका सहित सामाजिक समावेशिकरणको सुनिश्चितता गरिनेछ र उक्त परिषदले कार्यकारी समितिको समेत जिम्मेवारी वहन गर्नेछ ।

(५) परिषदको सचिवालय अर्को व्यवस्था नभएसम्मको लागि मन्त्रालयको सामाजिक विकास महाशाखा अन्तर्गत रहनेछ ।

१०. **प्रदेश बालपरिषदको काम, कर्तव्य र अधिकारः** प्रदेश बालपरिषको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

६//

उप सचिव

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

मानननीय मन्त्री
लेखलाल श्रेष्ठ

(क) बालपरिषद्ले बालबालिकाको अधिकारका क्षेत्रमा पैरवीको अतिरिक्त बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, संवेगात्मक तथा सामाजिक विकासका कार्य गर्ने,

(ख) सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापका अतिरिक्त वातावरणीय जोखिम न्युनिकरणका कार्य समेत सञ्चालन गर्ने,

(ग) बालपरिषदको क्रियाकलापलाई थप प्रभावकारी बनाउनका लागि विभिन्न उप-समिति गठन गर्ने,

(घ) विभिन्न निकायसंग समन्वय र सम्बन्ध विस्तार गर्ने,

(ङ) जिल्लास्तरीय तथा स्थानीय तहका सबै बालसञ्जाल बीच अन्तरक्रिया छलफल र बहस गर्ने,

(च) बालबालिकाको सवाल पहिचान गरी सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने ।

११. <u>नेतृत्व चयन प्रकृया:</u> (१) जिल्ला बालक्लव तथा प्रदेश बालपरिषदको गठन बालभेलाको सर्वसहमतीय निर्णयबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम सर्वसहमती नभएमा गोप्य मतदान प्रकृयाबाट प्रतिनिधि छनौट गरिनेछ।

(३) उपदफा (२) बमोजिम गोप्य मतदानबाट प्रतिनिधी छनौट गर्न भेलाले ३ सदस्यीय निर्वाचन मण्डल गठन गर्नेछ, निर्वाचन मण्डलले प्रचलित विधि र प्रकृया बमोजिम निर्वाचन सम्पन्न गर्नेछ, जिल्ला बालक्लव तथा प्रदेश बाल परिषदको अधिवेशन प्रत्येक २/२ बर्षमा हुनेछ ।

कुनै एक बालक्लवमा अध्यक्ष तथा पदाधिकारी भैसकेको व्यक्ति सो भन्दा माथिको तहमा नेतृत्वमा चयन भएमा पहिलेको जिम्मेवारीमा रहेको पद स्वतः खारेज हुनेछ ।

एकै व्यक्ति एक कार्यकाल भन्दा बढी बालक्लवको नेतृत्वमा रहन सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन ।

१२. <u>बैठक व्यवस्थापन:</u> (१) जिल्ला बाल क्लब तथा प्रदेश बालपरिषद्को बैठक प्रत्येक ३ महिनामा १ पटक बस्नेछ।

तर आवश्यकता परेमा अध्यक्षले जुनसुकै बेला बैठक बोलाउन सक्नेछ ।

(२) बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) बैठक हुनुभन्दा कम्तिमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सचिवले सबै सदस्यलाई दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम हुने जिल्ला बालक्लबको बैठकको खर्च जिल्लास्थित सामाजिक विकास कार्यालय तथा प्रदेश बाल परिषद्को बैठकको खर्च मन्त्रालयबाट व्यवस्थापन हुनेछ ।

उप सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि
तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

माननीय मन्त्री
मेखलाल श्रेष्ठ

## परिच्छेद ३

## विविध

१३. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. <u>संशोधन तथा हेरफेर:</u> मन्त्रालयले यस मापदण्डमा आवश्यकतानुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

उप सचिव

सचिव